# येशू ख्रीष्टसँगको ऐक्यबद्धता

*(Oneness In Christ)*

(मिशन समाचार सहित)

लेखकः

डेनिस फोर्टिन

(Danish Fortin)

भावानुवादकः

भजुराम तखाछैं श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०१८ (बि.सं. २०७५)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७५ (ई.सं. २०१८)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## *येशू ख्रीष्टमा हामीहरूको एकता*

सनातन सृष्टिकर्ता परमेश्वरको अगुवाईमा येशू ख्रीष्टप्रति आस्था र भरोसा राख्ने समूहलाई चर्च भनिन्छ। यस पृथ्वीमा चर्च परमेश्वरको परिवार हो। चर्चका कामहरू विभिन्न प्रकारका छन्। एक आपसको सेवा गर्नु, एक आपसमा मिलेर परमेश्वरको वचन अध्ययन गर्नु र एक आपसमा मिलेर परमेश्वरको आराधना गर्नु आदि चर्चका केही जिम्मेवारीपूर्ण कामहरू हुन्। चर्चको मुख्य अगुवा वा शिर येशू नै हुनुहुन्छ। उहाँलाई उद्धारकर्ता भनेर विश्वास गर्दै उहाँप्रति बफादारी भएर चलिरहनु चर्चको सबैभन्दा मुख्य लक्ष्य हो। सारा जगतका मानिसहरूको बीचमा येशूले उपलब्ध गराउनुभएको मुक्तिको सुसमाचार फैलाउन चर्चलाई आह्वान गरिएको छ।

सेभेन्थ-डे एडभेन्टिस्टहरूले आत्मासात् गर्नुपर्ने २८वटा मौलिक शिक्षाहरूमा बाह्रौं शिक्षामा यसरी लेखिएको छः "चर्च ती विश्वासीहरूको समूह हो जसले येशूलाई स्वामी वा प्रभु र मुक्तिदाता भनेर स्वीकार्दछ। पुरानो करार अर्थात् प्राचीन इस्राएलको समयमा परमेश्वरका जनहरूलाई पापलाई पोषाउने संसारबाट अलग बस्न गरिएको आह्वानलाई चर्चले निरन्तरता देओस् भन्ने परमेश्वरको चाहना छ। त्यो निरन्तरता हामी यसरी दिन सक्छौंः एक आपसमा मिलेर परमेश्वरको आराधना गरेर, मिलीजुली सत्सङ्ग वा सङ्गतिमा लागेर, शिक्षादीक्षा र अर्तीको निम्ति परमेश्वरको वचन अध्ययन गरेर, नम्रताको विधि र प्रभुभोजको पवित्र कार्यक्रम गरेर, समग्र मानव जातिको सेवा गरेर र संसारभरी सुसमाचारको प्रचार गरेर।"

तर विभिन्न मानिसहरूले विभिन्न तरिकाहरूले बुझेको बाहेक यथार्थमा चर्च के हो त? त्यो चर्चमा को को समावेश हुन्छन्? तिनीहरूको जवाफ साँच्चिक्कै भनौं भने हामीले कसरी बुझेकाछौं त्यसमा भरपर्दछ।

समुच्चरूपमा भन्ने हो भने चर्च विश्वासीहरूको समाज हो जसले येशूलाई प्रभु भनेर उहाँका वचनहरू पालन गर्दछ र आराधना र सेवाको निम्ति एक आपसमा भेला हुन्छ। घरहरूमा भेला भएर होस् वा धेरै मानिसहरू जम्मा भएर आराधनाको निम्ति जमघट हुन्छन् त्यसलाई चर्च भनिन्छ (रोमी १६:१०,११)। हो, जुन भवनमा येशूका विश्वासीहरू जम्मा भएर परमेश्वरको आराधना गरिन्छ, त्यसलाई पनि चर्च भनिन्छ। तर भवनलाई मात्र चर्च भन्नु

उपयुक्त देखिँदैन न त चर्चको यथार्थ परिभाषा नै हो। चर्च भनेको विश्वासी मानिसहरूको बारेमा हो, भवनहरूको होइन।

कुनै निश्चित भौगोलिक स्थानमा जम्मा भएर जब विश्वासीहरू आराधना गर्छन् त्यसलाई पनि चर्च भनेर सम्बोधन गरिएको नयाँ करारले देखाउँछ। त्यसकारण जब पावलले गलातीमा रहेको चर्चलाई भनेर सम्बोधन गरेका थिए तब त्यस क्षेत्रका सहर र गाउँहरूमा रहेका धेरै स्थानीय विश्वासीहरूलाई लक्षित गरेका थिए (गलाती १:२ पत्रुसले पनि त्यसरी नै सम्बोधन गरेका थिए १ पत्रुस १:१)। चर्च भन्दा कहिलेकाहीं कुनै इसाई सम्प्रदायमा रहेका मानिसहरू वा तिनीहरूका विश्वासहरू र परम्परालाई मान्ने समूहलाई पनि सम्बोधन गरिन्छ। यद्यपि ती सबै परिभाषाहरू सिद्ध छन् भन्न सकिँदैन। संसारभरि रहेका परमेश्वरका जनहरूलाई नै चर्च भनिन्छ। येशू ख्रीष्टलाई सच्चा हृदयले विश्वास गर्ने जनहरू सबै सम्प्रदायहरूमा पाइन्छ (हो, युगको अन्तमा प्रकाश १८:१-४मा उल्लेखित बाँकी सन्तान वा बचेखुचेका विश्वासीहरूसँग अरू सम्प्रदायका विश्वासीहरू समावेश हुनेछन्)। जे भएतापनि यस पुस्तकको अध्ययनमा हामीहरूको विश्वव्यापी सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई केन्द्रित गर्नेछौं र येशूलाई विश्वास गर्छु भन्नेहरूको बीचमा हुनुपर्ने एकताको अर्थ के हो सो पनि बुझ्ने प्रयास हामी गर्नेछौं।

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | सृष्टि र पतन | १ |
| २. | विभाजनका कारणहरू | १७ |
| ३. | "तिनीहरू सबै एकै होऊँन्" | ३८ |
| ४. | एकतामा रहिरहने मूल साँचो | ५४ |
| ५. | नयाँ करारमा सुरुको चर्चमा... | ७० |
| ६. | एकताका उदाहरणहरू | ८७ |
| ७. | जब कचकच सुरु हुन्छ | १०४ |
| ८. | विश्वास तथा आस्थामा एकता | १२३ |
| ९. | एकता भएको अत्यन्त विश्वासिलो प्रमाण | १४४ |
| १०. | एकता र टुक्रिएको सम्बन्ध | १६१ |
| ११. | आराधनामा एकता | १७९ |
| १२. | चर्चको सङ्गठन र एकता | १९९ |
| १३. | एकताको अन्तिम पुनस्थापना | २१६ |

# अस्थायी पाना

सुझावः त्रैमासिक अध्ययन पुस १३, २०७५ (डिसेम्बर २८, २०१८) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असोज १३-१९ (सेप्टेम्बर २९-अक्टोबर ५) |
| २ | अध्याय २ | असोज २०-२६ (अक्टोबर ६-१२) |
| ३ | अध्याय ३ | असोज २७-कार्तिक २ (अक्टोबर १३-१९) |
| ४ | अध्याय ४ | कार्तिक ३-९ (अक्टोबर २०-२६) |
| ५ | अध्याय ५ | कार्तिक १०-१६ (अक्टोबर २७-नोभेम्बर २) |
| ६ | अध्याय ६ | कार्तिक १७-२३ (नोभेम्बर ३-९) |
| ७ | अध्याय ७ | कार्तिक २४-३० (नोभेम्बर १०-१६) |
| ८ | अध्याय ८ | मंसिर १-७ (नोभेम्बर १७-२३) |
| ९ | अध्याय ९ | मंसिर ८-१४ (नोभेम्बर २४-३०) |
| १० | अध्याय १० | मंसिर १५-२१ (डिसेम्बर १-७) |
| ११ | अध्याय ११ | मंसिर २२-२८ (डिसेम्बर ८-१४) |
| १२ | अध्याय १२ | मंसिर २९-पुस ६ (डिसेम्बर १५-२१) |
| १३ | अध्याय १३ | पुस ७-१३ (डिसेम्बर २२-२८) |